आज मिति २०७७/०४/०५ गते यस थाक्रे गाउँपालिकाको ६५औ कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री राम कुमार आचार्यको अध्यक्षतामा निम्न कार्यपालिका सदस्यहरुको उपस्थितमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

| क.स | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | रामकुमार आचार्य | अध्यक्ष | |
| २. | अम्बिका रुपाखेती | उपाध्यक्ष | |
| ३. | ईन्द्रबहादुर थापा | सदस्य | |
| ४. | राजकुमार पौडेल | सदस्य | |
| ५. | अमितकुमार घले | सदस्य | |
| ६. | गणेशमानवाईवातामाङ | सदस्य | |
| ७. | भुमीवहादुर तामाङ | सदस्य | |
| ८. | पूर्णवहादुर कार्की | सदस्य | |
| ९. | रामकुमार वस्नेत | सदस्य | |
| १०. | केशवप्रसाद प्याकुरेल | सदस्य | |
| ११. | दिलवहादुर भुजेल | सदस्य | |
| १२. | गोकुलप्रसाद लामिछाने | सदस्य | |
| १३. | रविप्रकाशओभा | सदस्य | |
| १४. | कृष्णमाया आले | सदस्य | |
| १५. | रजनीलामा | सदस्य | |
| १६. | अमृता सुनार | सदस्य | |
| १७. | रमिलागिरी विडारी | सदस्य | |
| १८. | कुमार विस्वकर्मा | सदस्य | |
| १९. | सुशिला सुवेदी | सदस्य | |
| २० | शेषकान्त पौडेल | सदस्य सचिव | |

२१. नविन थिटाल लेखापाल

Scanned with CamScanner

**निर्णय नं. १ : योजना सम्झौता पुस्तिका सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०७७/७८ मा गाउँपालिकामा सञ्चालन गरिने योजनाहरुको योजना सम्झौता फाराम प्राप्त राय सुझावहरूलाई समेत समावेश गर्ने गरी स्वीकृत गर्ने र योजना सम्झौता गर्दा सोही पुस्तिका प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ : आ.व २०७६/७७ को सञ्चालित योजना तथा कार्यक्रमहरूको समिक्षाको मिति तय गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा कार्यालयहरू र गाउँपालिकाको शाखागत रुपमा सम्पादित योजना तथा कार्यक्रमको समिक्षा तपसिल अनुसार गर्ने निर्णय गरियो ।

- वडा कार्यालयबाट सम्पादन भएका कार्यहरूको समिक्षा २०७७/०४/२५ गते,
- गाउँपालिकाबाट सम्पादन भएका कार्यहरूको समिक्षा २०७७/०४/२६ गते,

**निर्णय नं. ३ : आ.व. २०७७/७८ मा सञ्चालन हुने योजना तर्जुमा गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७७/७८ मा सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरूको योजना तर्जुमा गोष्ठी मिति २०७७/०४/२८ र २९ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : आ.व. ०७७/७८ मा गरिने पूर्वाधार विकास सम्बन्धी योजनाहरुको लागत अनुमान (इष्टिमेट) तयार पार्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०७७/७८ मा गाउँपालिका वाट टेन्डर प्रक्रिया मार्फत सञ्चालन हुने योजनाहरुको लागत अनुमान यही मिति २०७७ भाद्र १५ गते भित्र गर्ने र उक्त लागत अनुमान तयार पार्दा सम्बन्धित वडाको जनप्रतिनिधिको रोहबरमा तयार पार्ने । अन्य उपभोक्ता समिति द्वारा सञ्चालन हुने योजनाहरुको लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन नेपाली भाषामा तयार पार्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. ५ : जनता आवाश कार्यक्रम सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा जनता आवाश कार्यक्रमका लागि लक्षित वर्गको विवरण तयार पार्दा सम्वन्धित वडाका जनप्रतिनिधिको सहभागीतामा प्रत्येक वडाबाट २/२ जनाका दरले छनौट गरी सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६ : अस्पतालको जग्गा खरिदका लागि क्षेत्र छनौट सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको अस्पताल निमार्णका लागि न्यूनतम ७ रोपनी जग्गा खरिद गर्नुपर्ने भएकोले पृथ्वी राजमार्गको दायाँवायाँ बढीमा १ किलोमिटर क्षेत्र भित्र सिम्ले देखि जुगेखोला बीचको उपर्युक्त एरिया छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ : कर्मचारीको का.स.मू स्वीकृत गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रानुसार स्थायी नियुक्ति भई भएका कर्मचारीको तोकिए वमोजिमको कार्य सम्पादन मूल्याङ्कन फारामलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आ.व. २०७७/७८ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त गर्न थाक्रे गा.पा अन्तर्गत तपसिलका खोलाहरूबाट के कति परिमाणमा नदीजन्य पदार्थ उत्खनन् गन सकिन्छ भन्ने उद्देश्यले सो खोलाको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने कानुनी व्यवस्था अनुसार IEE सम्वन्धी पेश भए वमोजिमको कार्यसूचि (ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

क) आग्रा खोला
ख) महेश खोला
ग) कोल्पु खोला

**निर्णय नं. ९ : विविध ।**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा कोभिड १९ का कारण उत्पन्न प्रतिकुल अवस्थामा सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner